# राष्ट्रिय परिचयपत्र सम्बन्धी जिज्ञासा

**१) राष्ट्रिय परिचयपत्र भनेको के हो ?**

उत्तरः- राष्ट्रिय परिचय पत्र भनेको नागरिकहरुको वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी प्रमाणपत्र हो ।

**२) राष्ट्रिय परिचयपत्र विवरण दर्ताको लागि कुन कुन कागजातहरु आवश्यक पर्दछन?**

उत्तरः- राष्ट्रिय परिचयपत्र विवरण दर्ताको लागि निम्न कागजातहरु आवश्यक पर्दछनः-

- अनलाईन आवेदन फाराम ।
- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र अनिवार्य।
- बाबु/आमाको नागरिकताको प्रमाणपत्र ।
- नागरिकताको प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने सक्कल प्रमाणपत्र (शैक्षिक योग्यताको प्रमाणपत्र , पासपोर्ट, पेन्सन पट्टा, लालपुर्जा) वा गाउँपालिका/नगरपालिकाको सिफारिस ।
- विवाहित नागरिकको हकमा नागरिकता प्रमाणपत्रमा पति / पत्नीको नाम उल्लेख नभएको खण्डमा विवाह दर्ता को सक्कल प्रमाणपत्र ।
- बसाई- सराई गरेकाहरुको हकमा बसाई-सराईको सक्कल प्रमाणपत्र ।

**३) राष्ट्रिय परिचयपत्र पाउनका लागि कस्तो योग्यता चाहिन्छ ? नावालकले पनि राष्ट्रिय परिचयपत्र प्राप्त गर्छन ?**

उत्तरः- हाललाई पहिलो चरणमा १६ वर्ष उमेर पुरा भई नेपाली नागरिकता प्रमाणपत्र लिएका व्यक्तिले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सक्छन । दोश्रो चरणको शुरुवात गर्नु अघि सार्वजनिक सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी हुनेछ ।

**४) अनलाईन फाराम कसरी भर्ने ?**

उत्तरः- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेवसाइट https://donidcr.gov.np मा रहेको राष्ट्रिय परिचयपत्र अनलाईन आवेदनमा गई त्यहाँ दिईएको निर्देशन अनुसार फाराम भर्न सकिन्छ।

**५) राष्ट्रिय परिचयपत्र( कार्ड) छापिएपछि कसरी प्राप्त गर्न सकिन्छ ?**

उत्तरः- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट कार्ड छपाई भएर यस कार्यालयमा आइसकेपछि "Dear....., your NID card has been received at the DAO GULMI. You can collect your card within office hours. Best regards, DoNIDCR" लेखिएको SMS प्राप्त हुन्छ । सो पश्चात विवरण दर्ताको समयमा उपलब्ध गराइएको आवेदन रुजु फाराम भर्पाइ (confirmation page) साथमा लिएर यस जिल्ला प्रशासन कार्यालय गुल्मीमा स्वयं उपस्थित भै कार्ड प्राप्त गर्न सकिन्छ ।

**६) मेरो त्यो समयमा प्रयोग गरेको मोबाइल नम्बर परिवर्तन भैसकेको छ SMS नआएपछि कसरी थाहा पाउने?**

उत्तरः- Confirmation page को साथमा यस कार्यालयको राष्ट्रिय परिचयपत्र शाखामा सम्पर्क गरी जानकारी लिन सकिन्छ ।

**७) त्यो समयमा उपलब्ध गराईएको confirmation page हरायो/जल्यो राष्ट्रिय परिचय नम्बर पनि छैन, Approve भएको र कार्ड आएपछिको SMS पनि Delete भएछ अब के गर्ने?**

उत्तरः- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको कल सेन्टर ०१५९७०४४९ मा सम्पर्क गरेर राष्ट्रिय परिचय नम्बर सकिन्छ। (नोटः-फोन एक/दुई पटकमा लागेन सम्पर्क हुन सकेन वा ब्यस्त भन्यो भनेर नआत्तिने निरन्तर प्रयास गरिरह )

**८) कार्ड लिनको लागि किन स्वयम् नै उपस्थित हुनुपर्ने आफ्नो घरपरिवारका सदस्यको लैजान मिल्दैन?**

उत्तरः- मिल्दैन। किनभने राष्ट्रिय परिचयपत्र (कार्ड) लिदा १० औलाको छाप ( Biometrics) प्रमाणित गर्नुपर्ने र औठाछाप Match भएपछि मात्र कार्ड जारी हुने भएकोले स्वयं उपस्थित हुनुपर्छ।

**९) मैले स्थानीय तह/ घुम्टी टोलीमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराएको त्यो कार्ड कहाबाट पाइन्छ?**

उत्तरः- यस विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले केही समयपछि निर्णय गर्नेछ र सबैलाइ जानकारी हुनेछ।

**१०) घुम्टी टोलीमा दर्ता गरेको राष्ट्रिय परिचयपत्रको Confirmation Page मा राष्ट्रिय परिचय नम्बर (NIN) नै छैन कसरी पत्ता लगाउने ?**

उत्तरः- आफ्नो मोबाइलको message box मा गइ N लेखी एक space छोडेर १६ अङ्कको आवेदन नम्बर Type गरी ३०००१ मा Send गर्ने। यसरी नम्बर प्राप्त भएन भने कल सेन्टर ०१५९७०४४९ मा सम्पर्क गर्ने।

**११) जिल्लामा दर्ता भएका सबै कार्ड आएका हुन्?**

उत्तरः- होइन, हाल केही मात्रामा मात्र कार्डहरू प्राप्त भएका छन्।

**१२) मेरो आवेदन दिदा भूलवश विवरण फरक परेको छ कार्ड अहिलेसम्म प्राप्त भएको छैन, सच्चाउन के गर्नुपर्छ ?**

उत्तरः- राष्ट्रिय परिचयपत्र विवरण दर्ताको समयमा विवरण फरक परेमा कार्ड छपाई नहुदै तत्काल सच्चाउन मिल्ने व्यवस्था छैन। विवरण सच्चाउन वा संशोधन गर्नुपर्ने भएमा कार्ड प्राप्त भएपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको कार्यालय कोड, बैक, खाता नम्वर, राजस्व शिर्षकमा ५०० जम्मा गरी सो कार्य अगाडि बढाउन सकिन्छ।

**१३) राष्ट्रिय परिचयपत्र किन आवश्यक छ?**

उत्तरः- नेपाल सरकारले नेपाल राजपत्रमा तोकिएको मिति देखि राष्ट्रिय परिचयपत्र लागु गर्ने सूचना प्रकाशन गरेपछि राष्ट्रिय परिचयपत्र लागु हुन्छ । राष्ट्रिय परिचयपत्र लागु भएपछि नेपाल सरकारबाट प्रदान गरिने कुनैपनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा राष्ट्रिय परिचयपत्र पेश गर्नुपर्छ साथै यसलाई सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार तथा व्यक्तिको पहिचानको प्रमाणको रुपमा मान्यता दि इने भएकाले राष्ट्रिय परिचयपत्र आवश्यक छ। (हाल राहदानी बनाउन र सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचय नम्वर अनिवार्य गरिएको छ।)

**१४) राष्ट्रिय परिचयपत्र बनेपछि नागरिकताको प्रयोग हुन्छ कि हुदैन?**

उत्तरः- नेपाली नागरिकता प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली दुवै संवैधानिक व्यवस्था भएकाले प्रचलित कानून अनुसार दुवैको उपयोग हुन्छ। हाल कानून अनुसार जारी गरिएका पहिचान कार्डहरु सम्बन्धित कानून अनुसार प्रयोग तथा तथा उपयोग हुन सक्छन।